जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
शुक्रबार, २५ वैशाख २०८३ | Friday, 8 May 2026
आर्थिक अभियान

# नेपाल उद्योग वाणिज्य महासंघको 'छ स्तम्भ, साठी पहल' सार्वजनिक



काठमाडौं (अस) । नेपाल उद्योग वाणिज्य महासंघका नवनिर्वाचित अध्यक्ष अञ्जन श्रेष्ठले निजीक्षेत्रको दीर्घकालीन हित, लगानीमैत्री वातावरण निर्माण तथा महासंघको संस्थागत सुदृढीकरणलाई प्राथमिकतामा राखी 'छ स्तम्भ, साठी पहल' रणनीतिक कार्यक्रम तथा कार्ययोजना अघि सारेका छन् । महासंघको ६०औं वार्षिक साधारणसभाबाट निर्वाचित २१औं अध्यक्ष श्रेष्ठले बिहीवार पद बहाली गरेसँगै उक्त कार्यक्रम चरणबद्ध रूपमा कार्यान्वयनमा लैजाने निर्णय गरेका हुन् । महासंघका अनुसार संस्थागत क्षमता अभिवृद्धि गर्दै निजीक्षेत्रको आवाजलाई अझ प्रभावकारी, विश्वसनीय तथा परिणाममुखी बनाउन तयार गरिएको सो कार्यक्रम तथा सोसँग सम्बन्धित विस्तृत कार्ययोजनालाई कार्यान्वयन गरिनेछ ।

महासंघले निजी क्षेत्रको दीर्घकालीन हित, लगानीमैत्री वातावरण निर्माण तथा संस्थागत सुदृढीकरणलाई प्राथमिकतामा राखेर कार्यक्रम तयार गरिएको जनाएको छ। 'छ स्तम्भ, साठी पहल' कार्यक्रममार्फत निजी क्षेत्रको साझा आवाजलाई थप प्रभावकारी, विश्वसनीय र परिणाममुखी बनाउने लक्ष्य राखिएको छ । अध्यक्ष श्रेष्ठका अनुसार कार्यक्रमअन्तर्गत प्रत्येक स्तम्भमा कार्यान्वयनयोग्य पहल, समय सीमा, जिम्मेवारी निर्धारण तथा अपेक्षित उपलब्धिसहितको विस्तृत कार्ययोजना तयार गरिएको छ । उहाँले महासङ्घको सेवा प्रवाह सुदृढीकरण, डिजिटल प्रणाली विकास, नीति पैरवीको प्रभावकारिता वृद्धि, सङ्घीय संरचनाअनुसार सदस्य संस्थासँग समन्वय, युवा उद्यमशीलता तथा नवप्रवर्तन प्रवर्द्धन, अन्तरराष्ट्रिय व्यापार विस्तार तथा आर्थिक कूटनीतिक सम्बन्ध मजबुत बनाउने बताउनुभयो ।

महासंघले पहिलो स्तम्भअन्तर्गत सदस्यलाई प्रदान गरिने सेवा विस्तार तथा सञ्जाल सुदृढीकरणमा जोड दिएको छ । दोस्रो स्तम्भमा आर्थिक सुधार तथा सुशासनलाई प्राथमिकता दिएको छ । महासंघले सार्वजनिक नीति, अर्थतन्त्र, व्यापार तथा कानुन अनुसन्धान शाखा स्थापना गर्ने, कानुन डेस्क सञ्चालन गर्ने तथा बजेट र मौद्रिक नीतिमा निजीक्षेत्र केन्द्रित सुझावपत्र तयार गर्ने जनाएको छ ।

तेस्रो स्तम्भमा प्रतिस्पर्धात्मकता वृद्धि तथा औद्योगिक विस्तारमा केन्द्रित कार्यक्रम राखिएको छ । चौथो स्तम्भअन्तर्गत विकास साझेदारी, शीप विकास, महिला उद्यमशीलता, प्रवासी नेपालीको लगानी सहजीकरण तथा हरित वित्त र दिगो विकास लक्ष्यअनुरूप निजी क्षेत्र कार्यक्रम अघि बढाइने महासंघले जनाएको छ ।

पाँचौं स्तम्भमा श्रम, सीप तथा उत्पादकत्व सुधारका कार्यक्रम समावेश छन् । छैटौं स्तम्भमा निजी क्षेत्रको संरक्षण तथा प्रवर्द्धनलाई केन्द्रमा राखिएको छ ।

### तीन तहमै महिला उद्यमशीलता प्रवर्द्धन

# 'कार्यक्रम र योजना प्रशस्त, कार्यान्वयन कमजोर'



काठमाडौं (अस) । मुलुकमा महिला उद्यमशीलता विकास तथा प्रवर्द्धनका लागि प्रशस्त योजना तथा कार्यक्रम भए पनि त्यसको कार्यान्वयन भने निराशाजनक रहेको देखिएको छ । महिला उद्यमलाई सघाउन विभिन्न ऐन तथा नीतिगत व्यवस्था र बजेट विनियोजनसम्म गरिए पनि त्यसको लाभ महिला उद्यमीले लिन नसकेको सरोकारवालाले बताएका छन् ।

महिला उद्यमी महासंघ नेपालले बिहीवार काठमाडौंमा आयोजना गरेको संघीयस्तरको सार्वजनिक-निजी संवाद कार्यक्रममा सरोकारवालाले उक्त धारणा राखेका हुन् । मुलुकमा महिला उद्यमशीलता प्रवर्द्धन गर्न संघ, प्रदेश र स्थानीय तहले ल्याउने योजना तथा कार्यक्रममा एकरूपता हुनुपर्नेमा पनि सरोकारवालाले जोड दिएका छन् । कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै सरकारका पूर्वसचिव यामकुमारी खतिवडाले महिला उद्यमशीलतामा भएका नीतिगत र बजेट विनियोजनका पक्ष सकारात्मक भए पनि कार्यान्वयन सहज नभएको बताइन् । उद्योग व्यवसायसँग सम्बन्धित संघीय कानूनहरू साझेदारी ऐन, २०२०, विशेष आर्थिक क्षेत्र ऐन, २०७३, १६औं योजना, प्राइभेट फर्म रजिस्ट्रेसन ऐन, २०१४, कम्पनी ऐन, २०६३, औद्योगिक व्यवसाय ऐन, २०७६, औद्योगिक व्यवसाय नियमावली, २०७८ लगायतमा महिलाको मात्रै स्वामित्वमा सञ्चालन हुने उद्योग दर्तादेखि दस्तुरसम्म छूटदेखि निर्यात कर्जासम्मका सहुलियत रहेको उनले बताइन् ।

यस्तै, राष्ट्रिय योजना आयोगका सहसचिव अर्जुन भण्डारीले महिला उद्यमशीलता विकासका लागि १० वर्षे रणनीति बनाउने तयारी भएको जानकारी दिए । यसका लागि अर्थ र उद्योग मन्त्रालयसँग समन्वय गरिएको पनि उनको भनाइ छ । यस्तै, मन्त्रालयको लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रका कार्यकारी अधिकृत वेदप्रसाद खरेलले पनि महिला उद्यमशीलतासम्बन्धी २ करोड रुपैयाँभन्दा बढी बजेट विनियोजन भए पनि पारित नभएको बताए । नेपाल राष्ट्र बैंकका निर्देशक मीना पाण्डेले वित्तीय पहुँचका लागि लघुवित्तहरूले ठूलो योगदान पुर्‍याएको बताइन् । महिला उद्यमसम्बन्धी नीतिगत र अनिवार्य कर्जा प्रवाहको सीमा लागू भइसकेको भन्दै उनले अब उक्त कर्जा कसरी लिने भन्ने विषयमा क्षमता विकासको इकोसिस्टम बनाउन आवश्यक भएको बताइन् ।

कार्यक्रममा सांसद विदुषी राणाले अहिले आगामी आर्थिक वर्षको बजेट तयारी भइरहेको भन्दै महिला उद्यम व्यवसाय दर्ता प्रक्रिया सहज र वित्तीय पहुँचमा सहजीकरणको विषयलाई जोड दिने बताइन् । महासंघका अध्यक्ष दर्शना श्रेष्ठले महिलाको उद्यमशीलता यात्रा उत्साहजनक रूपमा बढेको भए पनि वित्तीय पहुँच, धितो, वित्तीय साक्षरता र प्रविधि महिला उद्यमशीलताका लागि चुनौती रहेको बताइन् । नयाँ सरकारका नीति पनि रोजगारी र उद्यमशीलता विकासमा बढी केन्द्रित भएको भन्दै उनको भनाइ छ । त्यसलाई सघाउने गरी महिला उद्यमीले काम गर्ने, तर ३ तहबीच समन्वय र सरोकारवालाबीच सहकार्य आवश्यक रहेको उनले बताइन् ।

## हुलास फिनसर्भ हायर पर्चेज लिमिटेड

HFL
HULAS FINSERV HIRE PURCHASE LTD.

नेपाल राष्ट्र बैंकबाट हायर पर्चेज कर्जा लगानी गर्न इजाजत पत्र प्राप्त संस्था
केन्द्रिय कार्यालय, त्रिपुरेश्वर -११, काठमाण्डौं
फोन नं. ०१-५३४९७३०/०१-५३४९६६९

### आ.ब. २०८२/०८३ को तेस्रो त्रै-मासिक (Third Quarter) संक्षिप्त आर्थिक विवरण:

प्रकाशित मिति २०८३/०१/२५

### Unaudited Financial Results

**Statement of Financial Position**
**As on 3rd Quarter (13th April 2026) of the Fiscal Year 2025/26**

Fig in NPR.

| Assets: | This Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| Cash and cash equivalent | 41,754,993 | 116,164,408 |
| Other trading assets | - | - |
| Loans and Advances to B/FIs | - | - |
| Loans and Advances to customers | 11,279,259,584 | 8,025,528,201 |
| Investment Securities | | - |
| Current Tax Assets | 21,441,658 | 40,317,994 |
| Investment property | - | - |
| Property and equipment | 160,100,932 | 105,615,476 |
| Goodwill and Intangible assets | 5,275,628 | 5,842,887 |
| Deferred tax assets | 3,257,975 | 2,910,038 |
| Other assets | 136,440,722 | 137,215,405 |
| **Total Assets** | **11,647,531,493** | **8,433,594,408** |
| **Liabilities and Equity:** | **This Quarter Ending** | **Immediate Previous Year Ending** |
| **Liabilities:** | | |
| Borrowings | 8,433,760,998 | 6,150,213,305 |
| Current Tax Liabilities | - | - |
| Provisions | 12,270,824 | 13,320,305 |
| Deferred tax liabilities | - | - |
| Other liabilities | 1,470,925,014 | 780,828,470 |
| **Total Liabilities:** | **9,916,956,836** | **6,944,362,081** |
| **Equity:** | | |
| Share capital | 830,000,000 | 830,000,000 |
| Share premium | - | - |
| Retained earning | 648,161,542 | 455,087,679 |
| General Reserves | 252,413,114 | 204,144,649 |
| **Total Equity attributable to equity holders** | **1,730,574,657** | **1,489,232,328** |
| Non-controlled interests | - | - |
| **Total Equity** | **1,730,574,657** | **1,489,232,328** |
| **Total Liabilities and Equity** | **11,647,531,493** | **8,433,594,408** |

**Statement of Profit or Loss**
**For the 3rd Quarter Ended (13th April 2026) of the Fiscal Year 2025/26**

| | Current Year | | Previous Corresponding year | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| Interest Income | 241,113,560 | 658,815,633 | 128,021,542 | 317,816,081 |
| Interest Expenses | 112,718,119 | 328,167,138 | 63,974,790 | 169,160,902 |
| **Net Interest Income** | **128,395,440** | **330,648,495** | **64,046,752** | **148,655,180** |
| Fee and Commission Income | 128,575,731 | 401,276,031 | 127,037,959 | 325,123,916 |
| Fee and Commission Expense | - | - | 2,537,000 | 2,537,000 |
| **Net fee and Commission Income** | **128,575,731** | **401,276,031** | **124,500,959** | **322,586,916** |
| **Net Interest and Commission income** | **256,971,172** | **731,924,526** | **188,547,711** | **471,242,095** |
| Net Trading Income | - | - | - | - |
| Other operating Income | - | - | - | - |
| **Total operating Income** | **256,971,172** | **731,924,526** | **188,547,711** | **471,242,095** |
| Impairment charge/(reversal) for loans and other losses | 1,827,209 | 62,922,836 | 2,043,131 | 51,924,168 |
| **Net Operating Income** | **255,143,963** | **669,001,691** | **186,504,580** | **419,317,927** |
| **Operating Expenses** | | | | |
| Personnel Expenses | 61,050,536 | 174,264,625 | 41,473,953 | 116,001,128 |
| Other Operating Expenses | 28,234,421 | 96,064,141 | 29,237,494 | 62,540,860 |
| Depreciation and Amortization | 8,002,143 | 20,902,034 | 2,981,416 | 8,492,667 |
| **Total Operating Expenses** | **97,287,100** | **291,230,799** | **73,692,863** | **187,034,655** |
| **Operating profit** | **157,856,863** | **377,770,892** | **112,811,716** | **232,283,272** |
| Non-operating Income | 773,097 | 1,091,315 | 3,330 | 65,834 |
| Non-operating expense | 2,154,461 | 4,639,735 | - | - |
| **Profit before Income tax** | **156,475,499** | **374,222,472** | **112,815,046** | **232,349,106** |
| **Income tax expenses** | **49,571,788** | **132,880,143** | **34,300,686** | **86,390,143** |
| Current tax | 49,015,227 | 133,228,080 | 34,202,793 | 84,955,493 |
| Deferred tax | 556,561 | (347,937) | 97,893 | 1,434,650 |
| **Profit for the year** | **106,903,711** | **241,342,329** | **78,514,360** | **145,958,963** |
| Other comprehensive income, net of income tax, | | - | | - |
| **Total comprehensive income for the period** | **106,903,711** | **241,342,329** | **78,514,360** | **145,958,963** |
| **Profit attributable to:** | | | | |
| **Equity holders** | **106,903,711** | **241,342,329** | **78,514,360** | **145,958,963** |
| **Non-controlling interests** | | | | |
| **Profit for the year** | **106,903,711** | **241,342,329** | **78,514,360** | **145,958,963** |

**Statement of Distributable Profit or Loss**
**For the Quarter End 13th April 2026**

Fig in NPR.

| Particulars | Current Year Up to This Quarter (YTD) | Previous Year Corresponding Quarter (YTD) |
|---|---|---|
| **Operating Restated Retaining Earnings** | **455,087,679** | **284,006,221** |
| Net Profit/(loss) as per statement of profit or loss | 241,342,329 | 145,958,963 |
| **Appropriations:** | | |
| a. General reserve | (48,268,466) | (29,191,792) |
| b. Foreign Exchange Fluctuation Fund | - | - |
| c. Capital Redemption reserve | - | - |
| d. Corporate social Responsibility Fund | - | - |
| e. Employee Training Fund | - | - |
| f. Bonus share Issued | - | - |
| g. Cash Dividend paid | - | |
| h. Others | - | - |
| **Profit or (Loss) Before Regulatory Adjustment** | **648,161,542** | **400,773,391** |
| Regulatory Adjustment: | - | - |
| a. Interest receivables (-)/previous accrued interest received (+) | - | - |
| b. Short loan loss provision in accounts (-)/reversal(+) | - | - |
| c. Short provision for possible losses om investment (-)/ Reversal(+) | - | - |
| d. Short loan loss provision on Non-Banking Assets (-)/Reversal(+) | | |
| e. Deferred tax assets recognized (-)/reversal(+) | - | - |
| f. Goodwill recognized (-)/Impairment of Goodwill (+) | - | - |
| g. Bargain purchase gain recognized (-)/reversal (+) | - | - |
| h. Actuarial loss recognized (-)/Reversal (+) | - | - |
| i. Others (+/-) | - | - |
| **Distributable Profit or (Loss) as at 13th April 2026)** | **648,161,542** | **400,773,391** |

| Key Financial Indicators | Current Year Up to This Quarter (YTD) | Previous Year Corresponding Up to This Quarter (YTD) |
|---|---|---|
| Basic EPS (Annualized) | 38.77 | 23.45 |
| Diluted EPS (Annualized) | 38.77 | 23.45 |
| Return on Equity (Annual Wise) | 18.59% | 13.70% |
| Net Worth per Share | 208.50 | 171.19 |
| Non-Performing Loan | 2.94% | 4.22% |
| Cost of Fund | 5.87% | 7.07% |
| Interest Rate Spread | 3.07% | 1.36% |

1. **Management Analysis**
   During the quarter, the Company delivered strong financial performance amid a still challenging business environment. The quarter experienced episodic disruptions and localized market volatility, which temporarily increased recovery intensity and collection pressures in select customer segments. Despite these pressures, our disciplined underwriting standards, early warning monitoring and focused recovery efforts have enabled us to maintain portfolio stability and protect asset quality. The loan portfolio expanded significantly by 75.10% as compared to previous period, supported primarily by growth in the automobile segment. Profits increased by 65.35%, reflecting overall business growth and improved operational efficiency.
   The Company remains committed to strengthening asset quality, enhancing recovery mechanisms, and maintaining a balanced and diversified portfolio. We continue to focus on sustainable growth while prioritizing prudent risk management and safeguarding long-term stakeholder value.
   **Analysis of Interim Financial Statements:**
   The company reported a profit of NPR 241.34 million with growth of 65.35% and the overall loan portfolio stands at NPR. 11,279.25 million with a growth of 75.10% in Business Size as compared to the corresponding previous period. The Impressive Business and Strong Recovery resulting in non-performing loans decreased from 4.22% to 2.94% as the company has managed to increase its overall loan portfolio significantly.
2. **Details of Legal Proceeding:**
   a) No information regarding the lawsuit by or against the Company has been filed during the period under review, except the regular cases of debt recovery.
   b) No information regarding the lawsuit on account of violation of prevailing laws or commission of criminal offences has been filed against the promoter or director of the Company during the quarterly period under review.
   c) No information regarding the lawsuit of financial fraud/crime has been filed against the promoters and management team of the Company during the quarterly period under review.
3. **Corporate Governance:**
   The company is committed to maintaining a higher level of ethical standards, corporate governance, and compliance. The board of directors and management strictly comply with the regulatory norms issued by NRB and various other regulatory authorities. Further, the Company adheres to all the regulatory and legal requirements and the industry's best practices.

**नोटः कम्पनी ऐन, २०६३ को दफा ८४ तथा नेपाल राष्ट्र बैंकको हायर पर्चेज कर्जा दिने कम्पनीलाई स्वीकृति दिने नीतिगत एवम् प्रक्रियागत व्यवस्था, २०७० (चौथो संशोधन, २०८०) को नियम नं. १०.८ को प्रयोजनार्थ यस हायर पर्चेज कर्जा दिने कम्पनी हुलास फिनसर्भ हायर पर्चेज लिमिटेड (साविक हुलास फिन सर्भ लि.) को आ.व. ०८२/०८३ को तेस्रो त्रैमासिक संक्षिप्त आर्थिक विवरण प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।**

तीतोमीठो

# डोपामिन लोकतन्त्र



मदन लम्साल

नेपालमा फेरि एकपटक विश्वासको नयाँ
शुरुआत भएको छ ।
पुरानो शुरुआत जस्तै ।
जनताले फेरि विश्वास गरेका छन् ।
सरकारले फेरि विश्वास दिलाएको छ ।
यो देशमा पटकपटक विश्वास उत्पादन हुन्छ ।
वितरण हुन्छ ।
घरघरमा पुग्छ, तर
परिणाम आयात हुन्छ ।

हरेक नयाँ सरकार आफूलाई अघिल्लो
भन्दा राम्रो भन्छ ।
अघिल्लो सरकार पनि यही भन्थ्यो ।
त्योभन्दा अघिल्लोले त अझै राम्रोसँग भन्थ्यो ।
परिणाम ?
इतिहास मौन छ ।
वर्तमान पनि मौन छ
शायद भविष्य पनि मौन नै रहनेछ ।
मौन पनि यहाँ सरकारी हुन्छ,
फाइलमा अड्किएको ।

प्रश्नहरू धेरै छन्
जवाफ पनि छन् ।
तर जवाफदेही कोही छैन ।
उत्तरहरू भाषणमा छन् ।
सामाजिक सञ्जालको पोस्टमा पनि पाइन्छन् ।
तर मूल प्रश्नहरू त जनताको पेटमा छन् ।
आशाका कोपिला पलाउँछन् ।
तर फल कहिल्यै बन्दैन ।
चिचिला हुनुअघि नै ती निमोठिन्छन् ।
नेताका हातले
शासकका साथले
कर्मचारीको मातले
विपक्षीहरूसहित खासले ।

यसपटक भने अवस्था अलि फरक छ
भनिएको छ ।
किनकि यसपटक बहुमत छ ।
बहुमत भएपछि लोकतन्त्र बलियो हुन्छ भनिन्छ ।
यहाँ बहुमत भएपछि बहाना बलियो हुन्छ ।
एउटै दल बलियो भयो ।
अब बहस कमजोर भयो ।
विपक्ष कमजोर भयो ।
अब विवेक पनि छुट्टीमा गयो ।

नयाँ नेतृत्व आएको छ ।
कामको कुरा गर्छ ।
राजनीति नगर्ने राजनीति गर्छ ।
यो नयाँ शैली हो ।
नाम निर्दलीय, काम दलीयता
नाम स्वतन्त्र, काम दलीयता ।
सबैभन्दा चर्को राजनीति गरिन्छ
तर त्यसलाई राजनीति भनिँदैन ।
काम गरेको, चमत्कार भरेको भनिन्छ ।
किनकि राजनीति भन्नु नराम्रो शब्द भइसक्यो ।

पहिलो हप्ता- उत्साहजनक हुन्छ ।
दोस्रो हप्ता- आशावादी हुन्छ ।
तेस्रो हप्ता- यथार्थवादी हुन्छ ।
चौथो हप्ता- त्यसपछि सरकार सामान्य हुन्छ ।
जनता फेरि असामान्य बन्छन् ।

दस्तावेजहरू सुन्दर छन् ।
डिजिटल शासन ।
पारदर्शिता ।
जवाफदेही ।
सेवामा सुधार ।
सबै छ ।
कागजमा ?

कागज खुसी छ ।
जनता कागज होइनन् ।

सिंहदरबारमा बसेर देश हेरिन्छ ।
देश देखिन्छ ।
तर त्यो देश हुन्छ- भर्च्युअल ।
भुइँमान्छे देखिँदैन ।
किनकि ऊ एपमा दर्ता भएको छैन ।
उसको समस्या डाउनलोड गर्न मिल्दैन ।
उसको पीडा अपलोड गर्न सकिँदैन ।

सरकार डिजिटल भयो ।
जनता डाटा भयो ।
मान्छे प्रतिशत भयो ।
पीडा रिपोर्ट भयो ।
रिपोर्ट राम्रो आयो ।
त्यसैले समस्या समाधान भयो- भर्च्युअलमा ।
त्यही शेयर गर्‍यो, लाइक, कमेन्ट गर्‍यो, बस्यो
अनि त्यसैमा बहस गर्‍यो ।

सहर खुशी छ ।
किनकि उसले सेवा पायो ।
गाउँ शान्त छ ।
किनकि उसले अपेक्षा नै छोड्यो ।
सहरले ओटीपी थिच्छ ।
गाउँले ढोका ढकढकाउँछ ।
ढोका बन्द हुन्छ ।
ओटीपी सफल हुन्छ ।

डोपामिन राजनीति यही हो ।
इन्स्टान्ट खुशी ।
इन्टान्स्ट सन्तुष्टि ।
फोटो खिचियो ।
पोस्ट गरियो ।
देश पनि इन्स्टान्ट बन्यो ।
देश पूरै बदलियो- स्टाटसमा ।

तर परिवर्तन समय लाग्ने कुरा हो ।
समय यहाँ छोटो छ ।
धैर्य अझै छोटो छ ।
जनताको स्मृति सबैभन्दा छोटो छ ।
त्यसैले सरकार दीर्घकालीन सोच्दैन ।
क्षणिक चम्कन्छ ।
दीर्घकालीन धुम्मिन्छ ।

नीति बनाउँदा 'औसत नागरिक' हेरिन्छ ।
नेपालमा औसत नागरिक भेटिँदैन ।
यहाँ चरम छन् ।
कोही धेरै माथि ।
कोही धेरै तल ।
बीचमा नीति अड्किन्छ ।

डाटा भन्छ- सेवा पुगेको छ ।
मान्छे भन्छ- सेवा पुगेन ।
सरकार भन्छ- डाटा सही छ ।
मान्छे गलत भन्छ ।
किनकि मान्छे प्रमाण होइन ।
डेटा प्रमाण हो ।

सुन्ने तरिका बदलिएको छ ।
पहिले भेटिन्थ्यो ।
अहिले स्क्रोल गरिन्छ ।
पहिले संवाद हुन्थ्यो ।
अहिले सर्भे हुन्छ ।
पहिले चिच्याहट सुन्थे ।
अहिले एल्गोरिदम सुन्छ ।

तर आवाज सबैको बराबर हुँदैन ।
कसैको आवाज ट्रेन्ड हुन्छ ।
कसैको आवाज हराउँछ ।
सिंहदरबारसम्म पुग्ने आवाज ।
पहिले पनि छानिन्थ्यो ।
अहिले पनि छानिन्छ ।
फरक यति हो- पहिले मान्छे छान्थ्यो,
अहिले मेशिन ।

लोकतन्त्र प्रतिनिधित्व हो भनिन्छ ।
यहाँ प्रतिनिधित्व औपचारिक छ ।
सार्थक छैन ।
निर्णय केन्द्रित हुन्छ ।
अनुभव विकेन्द्रित हुन्छ ।
नीति माथि बन्छ ।
पीडा तल बस्छ ।

सरकार फेरिन्छ ।
संरचना उस्तै रहन्छ ।
अनुभव दोहोरिन्छ ।
भ्रम नयाँ हुन्छ ।

यो सरकार फरक हुन सक्छ ।
यदि उसले सुन्छ भने ।
तर सुन्ने गाह्रो काम हो ।
बोल्न सजिलो छ ।
डाटा पढ्न झन् सजिलो ।
मान्छे बुझ्न सबैभन्दा कठिन ।

नेपाल आज घुम्तीमा छ ।
अवसर छ ।
खतरा छ ।
अवसर- गहिरो लोकतन्त्र ।
खतरा- खोक्रो लोकतन्त्र ।

यदि लोकतन्त्र 'प्रबन्ध' बन्यो भने
यो टिक्छ ।
तर बाँच्दैन ।
यदि 'अनुभव' बन्यो भने
यो गाह्रो हुन्छ ।
तर जीवित हुन्छ ।

अन्तिम प्रश्न सरल छ ।
सरकारले देश हेर्दैछ ?
कि देशको कल्पना मात्र ?

किनकि कल्पनामा सबै नागरिक खुशी हुन्छन् ।
यथार्थमा उनीहरू लाइनमा हुन्छन् ।
र लाइन सधैं अगाडि बढ्छ भन्छन् ।
तर यहाँ लाइन घुम्छ ।
फेरि त्यहीँ पुग्छ ।

त्यसैले नेपालमा
लोकतन्त्र अघि बढ्दैन ।
जहाँको त्यहीँ बस्छ ।
तर घोषणा भने दौडिन्छ ।

# तनहुँ जलविद्युत् आयोजनामा ७५ प्रतिशत प्रगति

दमौली । तनहुँमा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनामा हालसम्म ७५ प्रतिशत प्रगति भएको छ । ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन आयोजनाको तीनओटै 'प्याकेज'मा काममा ७५ प्रतिशत प्रगति भएको आयोजनाले जनाएको छ। आयोजनाको प्याकेज १ अन्तर्गत बाँधलगायत संरचना (हेडवर्क्स), प्याकेज २ अन्तर्गत मुख्य सुरुङ, विद्युत्गृह तथा सम्बन्धित उपकरणहरू र प्याकेज ३ अन्तर्गत दमौली भरतपुर २२० केभी प्रसारण लाइनको काम भइरहेको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिए। प्याकेज १ अन्तर्गत बाँधलगायत संरचनाको काम सोङ्दा कालिका जेभीले गरिरहेको छ । यो प्याकेजमा ५७ प्रतिशत प्रगति भएको भण्डारीले बताए। मुख्य बाँध निर्माणका लागि डाँडा कटान, पहुँच सडक, सेती नदीको धार फर्काउन आवश्यक अस्थायी बाँध, दुईओटा 'डाइभर्सन' सुरुङलगायत संरचनाको निर्माण सकिएको छ ।

मुख्य बाँध निर्माणका लागि सेती नदीलाई २०८० कात्तिक २० गते पथान्तरण गरिएको थियो। २०८१ जेठमा मुख्य बाँधको माथिल्लो र तल्लो तटीय क्षेत्रमा अस्थायी बाँध निर्माण सकिएको जनाइएको छ। उक्त कार्य सम्पन्न भएसँगै मुख्य बाँधको 'कङ्क्रिटिङ' तथा 'ग्राउटिङ'को काम थाल्न पूर्वाधार तयार भएको छ ।

प्याकेज २ अन्तर्गत विद्युत्गृह तथा सम्बन्धित उपकरणको काम सिनो हाइड्रो कर्पोरेसन चीनले गरिरहेको छ । यस अवधिसम्म भूमिगत संरचना निर्माणका लागि खन्ने कार्य सम्पन्न गरी अधिकांश संरचनाको सिभिल निर्माण सम्पन्न भएको भण्डारीले बताए । *रासस*

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित | प्रधान सम्पादक : मदन लम्साल | सम्पादकीय निर्देशक : केशव गौतम | कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ | पाञ्चायनमार्ग, थापाथली, काठमाडौं | पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ | इमेल : editorial@abhiyan.com.np | मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर

स्रोत : भन्सार विभाग